आज मिति २०८२/०८/०२ गते मंगलवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**आमन्त्रित :**

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लेखा प्रमुख)

**प्रस्तावहरु :**

१. कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा।

२. मतदान केन्द्र संशोधन सम्बन्धमा।

३. अन्तरवार्ताको लागि विषय विज्ञ मांग गर्ने सम्बन्धमा।

४. बारुण यन्त्रको जनशक्ति सम्बन्धमा।

५. झोलुंगे पुल मांग गर्ने सम्बन्धमा।

६. निःशुल्क आँखा शिविर संचालन गर्ने सम्बन्धमा।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ मा यस अघि भएको कार्यपालिकाको पूर्व निर्णयहरुलाई समिक्षा गर्दा कार्यपालिकाको निर्णय कार्यपालिकाको कार्यालयबाट सबै सरोकारवालाहरुको संलग्नतामा कार्यान्वयन भई रहेकोले निर्णय कार्यान्वयन संतोषजनक रहेको निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला निर्वाचन कार्यालय सर्लाहीको प.सं. २०८२।०८३, च.नं. १५ र मिति २०८२।०७।२० गतेको पत्रानुसार मतदान स्थलको नाम ठेगाना सच्याउने, सार्ने, हटाउने, गाभ्ने, नयाँ कायम गर्नुपर्ने र अन्य कुनै समस्याहरु भए लेखी पठाउने भनिएकोले तपसिल अनुसारको ढाँचा बमोजिम मतदान स्थल गाभ्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | गाउँपालिका | वडा नं. | मतदानस्थलको नाम | समस्या र सोको कारण | आधार र कारण सहितको समाधान विकल्प |
|---|---|---|---|---|---|
| १ | चक्रघट्टा | ८ | आधारभूत विद्यालय औरही | - सुरक्षाको दृष्टिकोणले अव्यवस्थित।<br>- प्रयाप्त ठाउँ नरहेको। | - सुरक्षाको दृष्टिकोणले प्रहरी चौकी नजिक रहेको।<br>- उपयुक्त र प्रयाप्त ठाउँ रहेको।<br>- हाल कायम गर्ने मतदान स्थलको नाम :<br>मा.वि. औरही बजार |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकामा करार सेवा कर्मचारी पदपूर्तिको लागि चालु आ.व. २०८२।०८३ मा निकालिएको विज्ञापनमा पदपूर्तिका लागि विषयविज्ञ आवश्यकता भएकोले सम्बन्धित कार्यालयबाट विषयविज्ञ मांग गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकाको नाउँमा प्राप्त बारुण यन्त्रलाई संचालन गर्नको लागि आवश्यक रहेका कर्मचारीहरुको पदपूर्ति गर्न स्थानीय तहबाट सृजित दरबन्दीमा रिक्त दरबन्दी नरहेकोले आवश्यक अस्थायी दरबन्दी सृजना गरी बारुण यन्त्र संचालनको लागि करार सेवामा पदपूर्ति गर्न गाउँसभामा अनुमोदन हुने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

CS CamScanner

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विकास विभाग (झोलुङ्गे पुल शाखा) प.सं. ०८२।०८३, च.नं. झो.पु./१५१ र मिति २०८२।०६।२७ गतेको पत्रानुसार तपसिल बमोजिम योजनाहरु सम्बन्धित निकायसँग मांग गर्ने निर्णय गरियो।

तपसिल :

१. चक्रघट्टा १ पडरिया-बेल्ही झोलुङ्गे पुल (लखनदेही खोलामा), पूनरनिर्माण कार्य।

२. चक्रघट्टा ४ को कब्रगाह पूर्व झोलुङ्गे पुल (ढंग्राखोलामा) निर्माण कार्य ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा जनशक्ति यूवा क्लव (JSYC) चक्रघट्टा गा.पा. ५ (पडरिया) ले २ दिने नि:शुल्क आँखा शिविर संचालन कार्यबाट ५०० जनाको आँखा परीक्षण र १५० जनाको मोतियाबिन्दुको नि:शुल्क शल्यक्रिया गर्नको लागि प्रस्तावना तयार गरी कार्यक्रम संचालनको लागि रकम मांग गरिएको र गाउँपालिका अन्तर्गत रहेका लक्षित वर्गहरुलाई सेवा प्रदान गर्न आवश्यक रहेकोले चालु तर्फ छुट्याइएको विविध कार्यक्रम खर्च शीर्षक नं. २२५२९ बाट रु.१,४५,०००।- विनियोजन गरी आँखा शिविर संचालन गर्नको लागि श्री जनशक्ति यूवा क्लव (JSYC) चक्रघट्टा गा.पा. ५ (पडरिया) लाई कायदिश दिई कार्यक्रम पश्चात भुक्तानी गर्ने निर्णय गरियो।